पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लाकुरीभञ्ज्याङ, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.सं.: २०८१/८२
सू.नं.: ६६

मिति : २०८१/१२/१५

विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।

**श्री यो जो जससँग सम्बन्धीत छ।**

नुवाकोट जिल्ला पञ्चकन्या गाउँपालिका अन्तर्गत श्री कुण्डला माध्यमिक विद्यालय पञ्चकन्या-५, भद्रुटारमा रिक्त रहेको **मा.वि. तह (विज्ञान) शिक्षक** पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च. नं. ५७ मिति २०८१/१२/११ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्वन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**पुनश्च :**

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना kundala.mavi@gmail.com मार्फत् समेत निवेदन पेश गर्न सकिनेछ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

**बोधार्थ:**

श्री शिक्षा विकास तथा समन्वय इकाइ नुवाकोट।

श्री कुण्डला माध्यमिक विद्यालय पञ्चकन्या-५, भद्रुटार नुवाकोट।

१२।१५

कृष्णहरि पौडेल

प्रमुख प्रशासकीय अधिकृत